# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०४) पोखरा, कार्तिक २९ गते, २०७८ साल (अतिरिक्ताङ्क २९

## भाग २

गण्डकी प्रदेश सरकार

<u>शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयको सूचना</u>

**त्रिवेणी गजेन्द्रमोक्ष दिब्य धाम क्षेत्र बिकास समिति (गठन)आदेश, २०७८**

प्रदेश विकास समिति ऐन, २०७७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस आदेशको नाम "त्रिवेणी गजेन्द्रमोक्ष दिब्य धाम क्षेत्र बिकास समिति (गठन) आदेश, २०७८" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ। गण्डकी प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि लागु हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) त्रिवेणी गजेन्द्रमोक्ष दिब्य धाम क्षेत्र भन्नाले देहायका क्षेत्रहरू सम्झनु पर्छ।

१. नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला विनयी त्रिवेणी गाउँपालिका अन्तर्गतका प्रचलित कानूनले उपयोग गर्न मिल्ने क्षेत्रहरु

२. प्रदेश सरकारले सूचना प्रकाशित गरी थप गरेका क्षेत्रहरू

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "त्रिवेणी गजेन्द्रमोक्ष दिब्य धाम क्षेत्र" भन्नाले नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला विनयी त्रिवेणी गाउँपालिका वडा नं. ६, ७ स्थित पवित्र त्रिवेणी गजेन्द्रमोक्ष दिव्य धाम समेतको क्षेत्र सम्झनु पर्दछ ।

(ङ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्दछ।

(च) "कार्यकारी निर्देशक" भन्नाले दफा ७ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्दछ ।

(छ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको शिक्षा, संस्कृति, बिज्ञान प्रविधि तथा सामाजिक बिकास मन्त्रालय सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा ४ बमोजिम गठन भएको त्रिवेणी गजेन्द्र मोक्ष दिव्य धामक्षेत्र बिकास समिति सम्झनु पर्छ।

(झ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्षलाई समेत जनाउँछ।

३. संरक्षक (१) गण्डकी प्रदेशका मुख्यमन्त्री वा मुख्यमन्त्रीले तोकिदिएको ब्यक्ति समितिको संरक्षक हुनेछ ।

(२) संरक्षकले समितिलाइ आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

४. **<u>समितिको गठनः</u>** (१) गण्डकी प्रदेश, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला विनयी त्रिवेणी गाउँपालिका वडा नं ६ र ७ स्थित पवित्र त्रिवेणी संगम गजेन्द्रमोक्ष दिब्य धाम क्षेत्रलाई प्रदेशको महत्त्वपूर्ण धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलको रूपमा संरक्षण, विकास र सञ्चालन गर्न देहाय बमोजिमको ११ सदस्यीय त्रिवेणी गजेन्द्रमोक्ष दिव्य धाम क्षेत्र बिकास समिति रहनेछः-

(क) त्रिवेणी गजेन्द्रमोक्ष दिब्य धाम क्षेत्रको संरक्षण र विकासमा योगदान पुऱ्याएका वा पुऱ्याउन सक्ने व्यक्तिहरू मध्येबाट प्रदेश सरकारले मनोनित गरेको व्यक्ति- अध्यक्ष

(ख) विनयी त्रिवेणी गाउँपालिकाको अध्यक्ष- सदस्य

(ग) विनयी त्रिवेणी गाउँपालिकाको वडा नं. ६ र ७ का वडाध्यक्षहरू २ जना - सदस्य

(घ) मन्त्रालयको कम्तीमा अधिकृत स्तर नवौं/दशौं तहको कर्मचारी -सदस्य

(ङ) त्रिवेणी गजेन्द्रक्ष दिब्य धाम क्षेत्रको विकास र संरक्षणमा योगदान पुऱ्याएका वा पुऱ्याउन सक्ने व्यक्तिहरू मध्येबाट मन्त्रालयले मनोनित गरेको कम्तीमा दुई जना महिला सहित पाँच जना -सदस्य

(च) कार्यकारी निर्देशक - सदस्य सचिव

(२) देहायको योग्यता भएको व्यक्ति समितिको सदस्यमा नियुक्तिका लागि योग्य हुनेछन्ः-

(क) नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा भएको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी सजाय नपाएको,

(घ) साहुको दामासाहीमा नपरेको।

(३) अध्यक्ष र मनोनीत सदस्यहरूको पदावधि ५ वर्षको हुनेछ र निजहरूको पुनर्नियुक्ति हुन सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा मनोनीत सदस्यले आफ्नो पद अनुरुपको आचरण वा काम नगरेमा वा समितिको हित विपरीत काम गरेमा अध्यक्षलाई प्रदेश सरकारले र सदस्यलाई मन्त्रालयले जुनसुकै बखत हटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम अध्यक्ष वा सदस्यलाई पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

५. **<u>समितिको काम,कर्तव्य र अधिकारः</u>** यस आदेशमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ र अन्य सम्बन्धित कानून बमोजिम नेपाल सरकारका निकायहरुसँग स्वीकृति लिनुपर्ने विषयहरुमा समेत समन्वय गर्ने कार्य शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयमार्फत गर्ने।

(ख) त्रिवेणी गजेन्द्रमोक्ष दिब्य धाम क्षेत्रको विकास सम्बन्धी योजना तथा कार्यक्रमहरू स्वीकृत गरी कार्यान्वयन गर्ने, गराउने।

(ग) त्रिवेणी गजेन्द्रमोक्ष दिब्य धाम क्षेत्रको विकास सम्बन्धी योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नको लागि विदेशी सरकार राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था, निकाय वा व्यक्तिबाट नगद, जिन्सी, वा अन्य कुनै प्रकारको सहयोग उपलब्ध गर्ने गराउने ।

(घ) त्रिवेणी गजेन्द्रमोक्ष दिब्य धाम क्षेत्रको सामाजिक, आर्थिक, धार्मिक तथा साँस्कृतिक विकासको निमित्त त्यस क्षेत्रभित्रका प्राचीन, ऐतिहासिक, धार्मिक साँस्कृतिक तथा पुरातात्विक महत्त्वका मठ, मन्दिर देवस्थल, देवालय, धर्मशाला, विहार, सरोवर वा यस्तै प्रकारका ऐतिहासिक महत्त्वका प्राचीन स्थल तथा वस्तुहरूको खोजी अन्वेषण तथा अनुसन्धान तथा संरक्षण गर्ने।

(ङ) त्रिवेणी गजेन्द्रमोक्ष दिब्य धाम क्षेत्र भित्र पर्यटनको लागि उपयुक्त हुने स्थानहरूमा पर्यटन विकासको लागि आवश्यक कार्यक्रमहरू स्वीकृत गर्ने।

(च) त्रिवेणी गजेन्द्रमोक्ष दिब्य धाम क्षेत्रभित्र कुनै स्थान विशेषको महत्त्व, गरिमा मान्यता र सम्वेदनशीलतालाई ध्यानमा राखी त्यस्ता स्थानहरूमा गर्न नहुने कार्यहरू तोकी निषेध र नियन्त्रण गर्ने।

(छ) नेपाल बाहिरका संस्था वा व्यक्तिहरूबाट आर्थिक सहयोग प्राप्त गर्ने। यसरी वैदेशिक सहायता लिनुपर्ने अवस्थामा नेपाल सरकारको पूर्व सहमति लिनु पर्ने छ।

(ज) त्रिवेणी गजेन्द्रमोक्ष दिब्य धाम क्षेत्रभित्र प्राकृतिक सम्पदाहरूको संरक्षण गर्ने तथा वातावरणीय सन्तुलन कायम राख्ने।

(झ) त्रिवेणी गजेन्द्रमोक्ष दिब्य धाम क्षेत्रभित्र शैक्षिक संस्था, अस्पताल, पूल, ढल, विजुली, टेलिफोन, सडक जस्ता सार्वजनिक उपयोगका साधनहरू सुव्यवस्थित गर्ने व्यवस्था मिलाउने, फोहर मैला हुन नदिने गरी स्वच्छता कायम गर्ने र सो क्षेत्रभित्रका नेपाल सरकारका सम्बन्धित कार्यालयहरू, स्थानीय निकायहरू र गैर सरकारी संघ संस्थाहरूसँग समन्वय राखी कार्यक्रमहरू सञ्चालन गर्ने।

(ञ) त्रिवेणी गजेन्द्रमोक्ष दिब्य धाम क्षेत्रभित्र गरिने निर्माण सम्बन्धमा आवश्यक मापदण्ड तोक्ने र प्रचलित कानून बमोजिम घर जग्गा प्राप्त गर्न तथा विभिन्न कार्यको लागि जग्गा छुट्टाउने कार्य गर्ने, व्यवस्था मिलाउने।

(ट) त्रिवेणी गजेन्द्रमोक्ष दिब्य धाम क्षेत्रको महत्त्व दर्शाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सभा, सम्मेलन गोष्ठी वा प्रदर्शनीको आयोजना गर्ने।

(ठ) त्रिवेणी गजेन्द्रमोक्ष दिब्य धाम क्षेत्रको योजनाबद्ध विकास गर्दा सुव्यवस्थित रूपले निर्माण र मर्मत सम्भार कार्य गर्ने।

(ड) त्रिवेणी गजेन्द्रमोक्ष दिब्य धाम क्षेत्र भित्र सरकारी, गैर सरकारी निजी क्षेत्रबाट सञ्चालन हुने विकास निर्माण कार्यहरू सञ्चालन गर्ने निकायहरू बीच समन्वय कायम गर्ने।

(ढ) त्रिवेणी गजेन्द्रमोक्ष दिब्य धाम क्षेत्र भित्रको कुनै पुरातात्विक महत्त्वको स्थानलाई संरक्षित स्थान घोषित गर्न व्यवस्था गर्ने।

(ण) यस आदेश बमोजिम समितिको उद्देश्य पूर्ति गर्न कुनै निर्माण कार्य हटाउनु पर्ने, भत्काउनु पर्ने, परिवर्तन गर्नु पर्ने वा नियन्त्रण गर्नु पर्ने भए सो गर्ने व्यवस्था मिलाउने।

(त) त्रिवेणी गजेन्द्रमोक्ष दिब्य धाम क्षेत्रको महत्त्व दर्शाउन सूचना प्रविधिको अत्याधुनिक माध्यम समेतको प्रयोग गरी आवश्यक प्रचार प्रसार गर्ने, गराउने।

(थ) यस आदेश बमोजिम समितिको उद्देश्य पूर्तिको लागि गर्नुपर्ने अन्य कार्यहरू गर्ने, गराउने।

६. **<u>समितिको बैठक सम्बन्धी कार्यविधिः</u>** (१) समितिको बैठक सामान्यतया दुई महिनाको एक पटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक बस्नु भन्दा सामान्यतया ३ दिन अगावै समितिको सचिवले बैठकको मिति, समय, स्थान र छलफल हुने विषयको सूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितीमा उपस्थित सदस्यहरूले आफूमध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछन्।

(६) समितिको बैठकमा सर्वसम्मतिमा निर्णय गरिनेछ ,सर्वसम्मति हुन नसकेमा बहुमतको राय मान्य हुनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको निर्णय अध्यक्षबाट प्रमाणित गराई समितिका सबै सदस्यलाई पठाउनुका साथै अभिलेख राख्नु पर्नेछ।

(८) समितिले आवश्यक देखेमा कुनै विशेषज्ञ वा पदाधिकारी वा व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

७. **<u>कार्यकारी निर्देशक सम्बन्धी व्यवस्थाः</u>-** (१) समितिको दैनिक कार्य व्यवस्थापन तथा सञ्चालन गर्न एक कार्यकारी निर्देशक रहनेछ।

(२) व्यवस्थापन, मानविकी, शिक्षा, कानून, पर्यटन सम्बन्धी विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको नेपाली नागरिक कार्यकारी निर्देशकको पदमा नियुक्तिका लागि योग्य हुनेछ।

(३) कार्यकारी निर्देशक नियुक्ति गर्ने प्रयोजनका लागि प्रदेश सरकारको नीति तथा योजना आयोगको उपाध्यक्ष - संयोजक, सम्बन्धित मन्त्रालयको सचिव - सदस्य र त्रिवेणी गजेन्द्र मोक्ष दिव्य धाम क्षेत्र विकास समितिको अध्यक्ष - सदस्य रहेको तीन सदस्यीय सिफारिस समिति रहनेछ।

(४) उपदफा (३) बमोजिमको सिफारिस समितिले प्रतिस्पर्धाको आधारमा छनौट गरी कार्यकारी निर्देशकको पदमा नियुक्तिको लागि समिति समक्ष सिफारिस गर्नेछ र निजलाई प्रदेश सरकारले नियुक्ति गर्नेछ।

(५) कार्यकारी निर्देशकको पदावधि ५ वर्षको हुनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले पदीय जिम्मेवारी पूरा नगरेमा वा समितिको हित विपरीत काम गरेमा समितिले निजको पदावधि पूरा नहुँदै जुनसुकै बखत कार्यकारी निर्देशक पदबाट हटाउन सक्नेछ।

(७) उपदफा (६) बमोजिम कार्यकारी निर्देशकको पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(८) कार्यकारी निर्देशकको पारिश्रमिक तथा सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(९) यस दफा बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नभएसम्म मन्त्रालयले तोकेको नवौं/दशौं तहको अधिकृत स्तरको कर्मचारीले निर्देशकको रुपमा कामकाज गर्न सक्नेछ।

८. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः-** कार्यकारी निर्देशकको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको प्रशासकीय प्रमुखको रुपमा दैनिक प्रशासन सञ्चालन गर्ने,

(ख) वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(ग) वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने, गराउने,

(घ) समितिको काम कारबाहीको सम्बन्धमा विभिन्न निकायसँग समन्वय तथा सहकार्य गर्ने,

(ङ) त्रिवेणी गजेन्द्रमोक्ष दिब्य धाम मन्दिर क्षेत्रको भौतिक सम्पत्तिको संरक्षण तथा मर्मत सम्भार गर्ने, गराउने,

(च) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(छ) समितिको लेखा उत्तरदायी अधिकृतको रुपमा काम गर्ने,

(ज) समितिले तोकेका अन्य काम गर्ने, गराउने।

९. **कार्य सम्पादन करार गर्नु पर्नेः-** (१) कार्यकारी निर्देशकले आफू नियुक्ती भएको मितिले तीस दिन भित्र अध्यक्ष समक्ष कार्य सम्पादन करार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य सम्पादन करारमा देहायका बिषय उल्लेख गर्नु पर्नेछ।

(क) कार्यकारी निर्देशकले गर्नु पर्ने कार्यको बिवरण,

(ख) त्रिवेणी गजेन्द्रमोक्ष दिब्य धाम क्षेत्र बिकासको लागि कार्यान्वयन गरिने योजना, रणनीति र कार्यक्रम तथा त्यसको कार्यान्वयन कार्यतालिका,

(ग) खण्ड (क) वा (ख) बमोजिम निजले कार्य सम्पादन गर्दा देखिने वा प्राप्त हुने अपेक्षित प्रतिफल वा उपलब्धीको विवरण,

(घ) खण्ड (ग) बमोजिमको प्रतिफल वा उपलब्धी मापन गर्न सकिने सूचक र त्यसको मूल्याङ्कनको संयन्त्र,

(ङ) कार्यकारी निर्देशकको कार्यसम्पादनसँग सम्बन्धित अन्य आवश्यक कुराहरु।

(३) उपदफा (१) बमोजिमको कार्य सम्पादन करार बमोजिम कार्य सम्पादन भए नभएको विषयमा मन्त्रालयले अनुगमन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम मूल्याङ्कन गर्दा कार्यसम्पादनको स्तर ७० प्रतिशत भन्दा कम भएमा दफा ७ को प्रयोजनको लागि निजको कार्य क्षमताको अभाव भएको मानिनेछ ।

१०. **कर्मचारी सम्बन्धी व्यवस्था:** (१) समितिको कार्य सम्पादनको लागि आवश्यक संख्यामा कर्मचारी रहनेछन्।

(२) उपदफा (१) बमोजिम समितिमा रहने कर्मचारीको संगठन र दरबन्दी प्रदेश सरकारको स्वीकृति लिई समितिले निर्धारण गरे बमोजिम हुनेछ। तर नया दरबन्दी सिर्जना गर्दा वा थप आर्थिक दायित्व सिर्जना हुने गरी दरबन्दी हेरफेर गर्दा प्रदेश सरकारको अर्थ मन्त्रालयको सहमती लिनु पर्नेछ ।

(३) समितिले लोक सेवा आयोगबाट स्वीकृत सिद्धान्त बमोजिम कर्मचारी करारमा नियुक्ति गर्न सक्नेछ।

(४) समितिले उपदफा (३) बमोजिम कर्मचारी नियुक्ति नगरेसम्म मन्त्रालयले कर्मचारी खटाई कामकाजमा लगाउन सक्नेछ।

(५) समितिबाट करारमा नियुक्त कर्मचारीको पारिश्रमिक प्रदेश सरकारको स्वीकृति लिई समितिले तोके बमोजिम हुनेछ।

११. **समितिको कोष:** (१) समितिको एउटा छुट्टै कोष रहनेछ र सो कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) व्यक्ति, संघ, संस्था वा स्थानीय निकायबाट प्राप्त रकम,

(ग) प्रवेश शुल्क बापतको रकम,

(घ) भक्तजन, तीर्थयात्री तथा दर्शनार्थीद्वारा दान वा भेटी स्वरुप समितिमा दाखिला गरेको नगद वा जिन्सी बापतको रकम,

(ङ) अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम, यस्तो रकम प्राप्त गर्नु पुर्ब नेपाल सरकारको स्वीकृती अनिवार्य लिनु पर्नेछ,

(च) अन्य स्रोतबाट प्राप्त रकम।

(२) कोषको रकम स्वीकृत कार्यक्रम अनुसार खर्च गर्नु पर्नेछ।

(३) समितिको कोषको रकम मन्त्रालयले तोकेको बैक वा बित्तिय संस्थामा खाता खोली जम्मा गरिनेछ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) समितिको कोषको सञ्चालन कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

१२. **लेखा र लेखापरीक्षणः** (१) समितिको आय-व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) समितिको लेखाको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालय वा उक्त कार्यालयले तोकेको लेखा परीक्षकबाट हुनेछ।

(३) मन्त्रालयले समितिको आय-व्ययको लेखा,नगदी,जिन्सी वा अन्य कागजात जुनसुकै बखत जाँच गर्न सक्नेछ।

१३. **सल्लाहकार समितिः** समितिको बैठकले समावेशी प्रकृतिको बढीमा ५ सदस्यीय सल्लाहकार समिति गठन गर्न सक्नेछ।

१४. **उपसमिति वा कार्यदल गठन गर्न सक्नेः** समितिले आफ्नो काम सुचारू रूपले सञ्चालन गर्नको लागि सम्बन्धित क्षेत्रका विज्ञहरू समेत रहेको उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

१५. **बैठक भत्ताः** समिति, सल्लाहकार समिति, उपसमिति वा कार्यदलका सदस्य तथा विज्ञ समेतले पाउने बैठक भत्ता प्रदेश सरकारको खर्चको मापदण्ड, २०७५ बमोजिम हुनेछ।

१६. **वार्षिक प्रतिवेदन पेश गर्नेः** समितिले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

१७. **अधिकार प्रत्यायोजनः** समितिलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

१८. **समितिको कार्यालयः** समितिको कार्यालय त्रिवेणी गजेन्द्रमोक्ष दिब्य धाम क्षेत्र भित्र तोकिएको स्थानमा रहनेछ।

१९. **निर्देशन दिने:** मन्त्रालयले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

२०. **प्रदेश सरकारसँग सम्पर्क:** समितिले प्रदेश सरकारसँग सम्पर्क राख्दा सम्बन्धित मन्त्रालय मार्फत् राख्नुपर्नेछ।

२१. **नेपाल सरकारसँग सम्पर्क:** समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा प्रदेश सरकार मार्फत् राख्नु पर्नेछ।

२२. **नियम बनाउने अधिकार:** (१) यस आदेशको कार्यान्वयनको लागि समितिले आवश्यक नियम, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम बनाइएको नियम, निर्देशिका वा मापदण्ड प्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ।

आज्ञाले,
विनोद बहादुर कुँवर
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय।मूल्य रु.१०।-